# मंगला गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि,२०८१

(स्वीकृत मितिः २०८१/१०/३०)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि,२०८१

**प्रस्तावना**

मंगला गाउँपालिका मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण सम्बन्धी कार्य गराउँदा लागत अनुमानबाट कट्टा गरिने कन्टिन्जेन्सी रकम खर्च गर्ने पद्धतिलाइ थप पारदर्शी, मितव्ययी, औचित्यपूर्ण र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ तथा सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची-१ मा भएको व्यवस्था बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “मंगला गाउँपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि,२०८१” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

क) "गाउँपालिका” भन्नाले मंगला गाउँपालिकालाइ सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले मंगला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शव्दले वडा कार्यलाय समेतलाई बुझाउनेछ ।

घ) "आयोजना" भन्नाले यस कार्यालय मार्फत कार्यान्वयन हुने सार्वजनिक निर्माण सम्वन्धी कार्य सम्झनु पर्दछ ।

ङ) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ वा सोको आधारमा गाउँपालिकाको खरिद नियमावली सम्झनु पर्दछ ।

च) "कन्टिन्जेन्सी खर्च" भन्नाले दफा ३ बमोजिमको शिर्षकमा गरिने खर्च सम्झनु पर्दछ।

## परिच्छेद- २
## कन्टिन्जेन्सी खर्च शिर्षक

**३. कन्टेन्जेन्सी खर्च शिर्षक:-**

(१) कार्यविधि बमोजिम खर्च गर्नको लागि देहाय बमोजिमको शिर्षक अन्तर्गत देहायको काममा खर्च गर्नुपर्नेछः-

क) वर्क चार्ज स्टाफ खर्च

ख) अन्य सानातिना खर्च

(२) उपदफा १ को खण्ड क बमोजिमको शिर्षकबाट देहाय बमोजिमको काम वा विषयमा खर्च गर्न सकिनेछः-

क) आयोजनाको निर्माण कार्यको सुपरिवेक्षण, संचालन तथा संरक्षणको लागि आवश्यक करार र ज्यालादारी जनशक्ति व्यवस्थापन

ख) खरिदसँग सम्बन्धित कार्यको लागि तत्काल कुनै अध्ययन वा परामर्श सेवा लिन आवश्यक भएमा त्यसको सेवा खर्च ।

(३) उपदफा १ को खण्ड ख बमोजिको शिर्षकबाट देहायको काममा खर्च गर्न सकिनेछ:-

१. सम्बन्धित निर्माण कार्य सम्बन्धी बोलपत्र वा प्रस्ताव तयारी खर्च

२. सूचना प्रकाशन खर्च

३. सम्बन्धित आयोजनाहरुको सुपरिवेक्षमा हुने इन्धन खर्च, भ्रमण भत्ता तथा फिल्ड भत्ता

४. आयोजनाको संचालन, व्यवस्थापन र अनुगमन सुपरिवेक्षणका लागि आवश्यक सवारी साधन खरिद

५. सुरक्षा उपकरण खरिद

६. मेशिनरी उपकरण तथा फर्निचर तथा फिक्सचर्स

७. बोलपत्र मूल्याङकन बैठक भत्ता

८. अतिथी सत्कार तथा भवन उद्घघाटन खर्च

९. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च

१०.सामाजिक परिचालन सम्बन्धी खर्च

११.उपभोक्ता समिति अभिमुखिकरण सम्वन्धी खर्च

१२.विविध खर्च

१३.कार्यपालिकाले निर्णय गरेका अन्य खर्चहरु

## परिच्छेद-३
## कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रिया

**४. कन्टिन्जेन्सी रकम खर्च गर्ने सीमा:-**

(१) कुनै पनि आयोजनाको स्वीकृत लागत अनुमान बढीमा चार प्रतिशत बराबरको रकममा मात्र खर्च गर्न योग्य कन्टिन्जेन्सी रकम हुनेछ ।

(२) खरिद सम्झौता हुन बाँकी वा खरिद सम्झौता भएको तर निर्माण कार्य प्रारम्भ भइ नसकेको अवस्थामा पनि खरिद व्यवस्थापनका लागि यो कार्यविधि बमोजिको कन्टिन्जेन्सी रकम खर्च गर्न सकिनेछ ।

(३) रकम खर्च गर्दा चालु प्रकृतिको खर्च अधिकतम साठी प्रतिशत र पूँजिगत प्रकृतिको खर्च अधिकतम चालिस प्रतिशतको सिमामा रही खर्च गर्नु पर्नेछ।

**५. कन्टिन्जेन्सी रकम र खर्चको अभिलेख राख्नु पर्ने:-**

यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकमको अभिलेख अनुसूची-१ बमोजिम र खर्चको अभिलेख अनुसूची-२ बमोजिम राख्नुपर्नेछ ।

## परिच्छेद- ४
## विविध

**६. बजेट फ्रिज सम्वन्धि व्यवस्था:-**

आर्थिक वर्ष अन्त सम्ममा खर्च नभएको कन्टिन्जेन्सी वापतको रकम गाउँपालिकाको संचित कोषमा फिर्ता गर्नुपर्नेछ ।

**७. मौज्दात रकम खर्च सम्वन्धी व्यवस्था:-**

दफा ६ बमोजिम संचित कोषमा फिर्ता रहेको रकम आगामि वर्षको वार्षिक बजेट तथा कार्यक्रममा बाँडफाँड गरि खर्च गर्न सकिनेछ ।

**८. प्रचलित कानूनको पालना गर्नुपर्ने:-**

यस कार्यविधि बमोजिम कन्टिन्जेन्सी रकम खर्च रकम गर्दा प्रचलित कानून पालना गर्नुपर्नेछ।

**९. बाधा अड्काउ फुकाउने:-**

यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भएमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यसको वाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची-१

(दफा ५ सँग सम्बन्धित)

**कन्टिन्जेन्सी कट्टी रकमको अभिलेख**

आ.वः...................

| क्र.सं. | आयोजनाको नाम | स्विकृत रकम | कन्टिन्जेन्सी वापतको कट्टी रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**कन्टिन्जेन्सी खर्चको अभिलेख**

आ.वः....................

| क्र.सं. | कन्टिन्जेन्सी खर्च शिर्षक (दफा ३ अनुसार) | खर्च भएको रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |